**सिद्धार्थ बैंक लिमिटेडको**
**अठारौं वार्षिक साधारण सभाको**
**कामकारवाहीको विवरण (माइन्युट)**

**१. सभाको काम कारवाही:**

मिति २०७६ साल कार्तिक महिना ०७ गते तद्नुसार २४ अक्टोबर २०१९ का दिन यस सिद्धार्थ बैंक लिमिटेडको अठारौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूको अध्यक्षतामा सम्पन्न भयो । बैंकको अठारौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट) देहाय बमोजिम रहेको छ ।

**२ सभाको मिति, समय र स्थान:**

मिति : २०७६ साल कार्तिक महिना ०७ गते बिहीबार (तद्नुसार २४ अक्टोबर २०१९)
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली काठमाडौं ।
समय : बिहान ११:०० वजे देखि अपरान्ह २:३० बजे सम्म ।

**३. सभाको सूचना र सूचना प्रकाशन मिति:**

बैंकको मिति २०७६ साल आश्विन ०५ गते (तदनुसार ०२ अक्टोबर २०१९) गतेका दिन बसेको सञ्चालक समितिको ३२५औं बैठकको निर्णयानुसार बोलाईएको यस अठारौं वार्षिक साधारण सभाको लागि बैंकको हाल लागु भईरहेको नियमावली तथा प्रचलित कम्पनी ऐन बमोजिम अठारौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयसूची समेत राखी शेयरधनीहरुको जानकारीको लागि मिति २०७६ आश्विन १६ गते तथा २०७६ कार्तिक ०१ गतेको कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

**४. सभामा उपस्थिति:**

**४.१. संचालकहरुको उपस्थिति:**

| | |
|---|---|
| (१) श्री मनोज कुमार केडिया | अध्यक्ष |
| (२) श्री नरेन्द्र कुमार अग्रवाल | संचालक |
| (३) श्री विरेन्द्र कुमार शाह | संचालक |
| (४) श्री दिनेश शंकर पालिखे | संचालक |
| (५) श्री राजेश कुमार केडिया | संचालक |
| (६) श्री हसना शर्मा | स्वतन्त्र संचालक |

SiddharthaBank

**४.२. पर्यवेक्षकको उपस्थिति :**

(१) श्री सन्दिप कार्की, प्रतिनिधि- सिद्धार्थ क्यापिटल लि.

(२) श्री रिकेश श्रेष्ठ, प्रतिनिधि- सिद्धार्थ क्यापिटल लि.

**४.३. पदाधिकारीहरुको उपस्थिती**

| | |
|---|---|
| (१) श्री शम्भु नाथ गौतम | प्रमुख कार्यकारी अधिकृत |
| (२) श्री सुन्दर प्रसाद कडेल | नायब प्रमुख कार्यकारी अधिकृत |
| (३) श्री शेर बहादुर बुढाथोकी | वरिष्ठ नायब महाप्रबन्धक |
| (४) श्री सुरेशराज महर्जन | प्रमुख- बिजनेश सपोर्ट / पेमेण्ट सोलुसन्स् |
| (५) श्री प्रशन्न खड्का | प्रमुख- कर्पोरेट क्रेडिट |
| (६) श्रीमती शैलजा ज्ञवाली | प्रमुख- एकीकृत जोखिम व्यवस्थापन |
| (७) श्री मनोहर केसी | प्रमुख- केन्द्रिय कर्जा प्रशासन तथा नियन्त्रण |
| (८) श्री भोलानाथ ढुंगाना | प्रमुख- कानुन |
| (९) श्री लक्ष्मण घिमिरे | कम्पनी सचिव |
| (१०) श्री निराकर बहादुर सिंह | प्रमुख- आन्तरिक लेखापरिक्षण |
| (११) श्री प्रमेश श्रेष्ठ | प्रमुख- वित्त तथा लेखा |

**५. सभाको गणपुरक संख्या:**

| कुल शेयर संख्या | साधारण सभामा प्रतिनिधित्व भएको शेयर संख्या | उपस्थित शेयरधनी | | जम्मा उपस्थित शेयरधनी | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधी मार्फत | | |
| ८,८८,७६,०४५.४० | ४,९०,५५,०८६ | ३९० | १५९ | ५४९ | ५५.१९ |

**६. सभाको विषयसूची तथा प्रस्तावहरु:**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७५/७६ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, सोही अवधीको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र तत् सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लि." को आ.व.२०७५/७६ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७६/७७ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बहालवाला लेखापरीक्षक श्री एसएआर एसोसिएटस् ,चार्टड एकाउण्टेण्ट्सको ३ वर्षको अवधि समाप्त भएकाले पुनः नियुक्त हुन योग्य हुनुहुन्न ।)

५. बैंकको चुक्ता पूँजी रु. ८,८८,७६,०४,५४० (अक्षरेपी आठ अर्ब अठासी करोड छयहत्तर लाख चार हजार पाँच सय चालिस रुपैंया मात्र) को १५.२६ प्रतिशतका दरले रु. १,३५,६५,२९,११४ (अक्षरेपी एक अर्ब पैंतिस करोड पैंसट्ठी लाख उनन्तीस हजार एक सय चौध रुपैंया मात्र) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु ८,८८,७६,०४,५४० (अक्षरेपी आठ अर्ब अठासी करोड छयहत्तर लाख चार हजार पाँच सय चालिस रुपैंया मात्र) को १० प्रतिशतका दरले हुने रु. ८८,८७,६०,४५४ (अक्षरेपी अठासी करोड सतासी लाख साठी हजार चार सय चौवन्न रुपैंया मात्र) बराबरको बोनस शेयर प्रदान गर्ने । साथै, सो अनुसार बोनस शेयर प्रदान गर्दा संस्थापक एवं सर्वसाधारण शेयरधनीको शेयर अनुपात क्रमशः ५१ र ४९ प्रतिशत कायम हुने गरी उपरोक्त अनुसारको बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीले प्राप्त गर्ने नगद लाभांशबाट कट्टा/समायोजन गरी सो भिन्न अंकलाई पूर्ण अंक कायम गरी बोनस शेयर जारी गर्ने तर शेयर अनुपातमा फरक पर्ने भएमा भिन्न अंक (Fraction) यथावत राख्ने र सोका कारण जारी तथा चुक्ता पूँजीमा हेरफेर हुने भएमा सो हद सम्म मिलाई आवश्यक जारी तथा चुक्ता पूँजी कायम गर्न संचालक समितिलाई स्वीकृती प्रदान गर्ने र सो गर्दा समेत भिन्न अंक (Fraction) बाँकी भएमा यथावत राख्ने ।

२. माथि विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/थप गर्ने ।

३. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

४. संचालक समितिको मिति २०७६ साल भदौ १२ गते बसेको ३२१औं बैठकले प्रचलित कानून एवम् बैंकको नियमावलीको अधीनमा रहि रिक्त रहेको स्वतन्त्र संचालक पदमा बाँकी अवधिका लागि श्री हसना शर्मालाई नियुक्त गरेकोमा सो नियुक्तिलाई अनुमोदन गर्ने ।

५. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न संस्थाहरुलाई सहयोग स्वरुप प्रदान गरिएको रु. एक लाख भन्दा माथिको अनुदान तथा सहयोग रकम उपलब्ध गराउने सञ्चालक समितिको निर्णयलाई कम्पनी ऐन, २०६३ बमोजिम अनुमोदन गर्ने ।

६. सिद्धार्थ बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अर्को कुनै उपयुक्त संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा बैंकको चल-अचल

सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit- DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने र गाभिने तथा प्राप्त गर्ने (Merger & Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य आवश्यक प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, लगायत मर्जर तथा एक्वीजिसन सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

**(ग) विविध**

## ७. सभाको वैधानिकता:

कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्धपत्र एवं नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐन एवं बैकको प्रबन्धपत्र तथा नियमावलीको प्रावधान बमोजिम साधारण सभाको गणपूरक संख्या बाँडफाँट भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान भएको र बैंकको अठारौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको कुल संख्या ५४९ (प्रोक्सी समेत) एवं कुल शेयरको ५५.१९ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानुन अनुसार सभा वैधानिक रहेको व्यहोरा कम्पनी सचिवले सभाका अध्यक्षज्यू समक्ष प्रस्तुत गर्नु भयो ।

## ८. सभाको सभापतित्व र सभा संचालन:

कम्पनी ऐन २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम बैंकको संचालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूले यस अठारौं वार्षिक साधारण सभाको अध्यक्षता गर्नु भएको थियो । सभाको वैधानिकताबारे कम्पनी सचिवले जानकारी गराइसके पश्चात अध्यक्षज्यूले सभाको कारवाही अघि बढाउनु भयो ।

## ९.अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुति:

साधारण सभाको निर्धारित विषय सूची १ मा समावेश गरिएको बैंकको संचालक समितिको प्रतिवेदनको महत्वपूर्ण पक्ष समेटेर तयार गरिएको संक्षिप्त सन्देश सहित बैठकको अध्यक्षता गरिरहनु भएका संचालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूले आफ्नो मन्तव्य राख्नु भयो । तत्पश्चात अध्यक्षज्यूले विषय सूची नं. १ मा समावेश गरिएको संचालक समितिको प्रतिवेदन लगायत वित्तीय अवस्थाको विवरण तथा नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरुमा सभामा छलफलका लागि पेश गर्नु भयो ।

Siddhartha Bank

## १०.छलफलको लागि आह्वान:

संचालक समितिको प्रतिवेदन प्रस्तुत भइसके पश्चात् अध्यक्षज्यूले शेयरधनी महानुभावहरुलाई केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए छलफलको विषयसूची अनुसार आफ्नो विचार एवं मन्तव्य राखिदिनुहुन अनुरोध गर्दै शेयरधनी महानुभावहरु समक्ष वार्षिक प्रतिवेदन लगायत वित्तीय अवस्थाको विवरण तथा नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरुमा छलफल गर्न आह्वान गर्नुभई सो सम्बन्धी कारवाही अघि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो । तद्अनुरुप कम्पनी सचिवले छलफलमा सहभागी हुन चाहने वक्ताहरुलाई मन्तव्यका लागि आमन्त्रण गर्नुभएको थियो । यस क्रममा निम्न लिखित १६ जना शेयरधनी महानुभावहरुले आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो ।

१. श्री शत्रुधन श्रेष्ठ
२. श्री अमृतनाथ रेग्मी
३. श्री गुणराज भट्ट
४. श्री व्यास कुमार शर्मा
५. श्री दामोदर प्रसाद रेग्मी
६. श्री भक्ति प्रसाद उप्रेती
७. अधिवक्ता श्री अशोक उप्रेती
८. श्री उद्धव प्रसाद घिमिरे
९. श्री डमरु बल्लभ घिमिरे
१०. श्री शिव प्रसाद पौडेल
११. श्री चन्द्र नारायण श्रेष्ठ
१२. श्री कृष्ण प्रसाद अधिकारी
१३. श्री शिव प्रसाद शर्मा
१४. श्री नरसिंह लाल चंखु
१५. श्री लवराज जोशी
१६. श्री उत्तम पाठक

उपरोक्त वक्ता शेयरधनीहरुबाट प्रस्तुत गरिएका शुभकामना, जिज्ञासा, राय, सल्लाह र सुझावहरु संक्षेपमा देहाय अनुसार उल्लेख गरिएको छ ।

### १। श्री. शत्रुधन श्रेष्ठ

नगद तथा बोनश शेयरको लागि धन्यवाद, आगामी दिनहरुमा अझ बढि प्रगती गर्दै, मुनाफा बढाउँदै बढि भन्दा बढि लाभांश दिई बैंक शेयरधनीको मन जित्न सफल होस भनी शुभेच्छा एवं शुभकामना दिनुभयो ।

**२। श्री अमृतनाथ रेग्मी**

बैंक आफ्नो उमेर अनुसारको प्रगती गर्दै धेरै परिपक्व भएको, बैंक हाल २८ वटा वाणिज्य बैंकहरु मध्येमा तेस्रो लेयरको माथिल्लो तहमा रहेको, बैंकको साधारण जगेडा कोष कम रहेकोमा सो बढाउनको लागि आवश्यक छलफलको लागि लगानी सम्मेलन गर्नुपर्ने, लाभांश वितरणमा बोनस शेयरलाई प्राथमिकता दिई बैंकले नगद Retention गर्नुपर्ने, लगानीको पोर्टफोलियो बढाउनुपर्ने, दोश्रो (Secondary) शेयर बजार घटिरहेको बेला लगानी बढाउनु पर्ने, खुद ब्याज आम्दानी अनुपातलाई बढाउन गहनतापूर्वक विचार गर्नुपर्ने, विदेशी विनियम आम्दानी बढाउनु पर्ने, कर्जा नोक्सानी व्यवस्था घटाउनु पर्ने, कुल संचालन खर्चमा कर्मचारी खर्चको अनुपात सन्तोषजनक नरहेकाले यसलाई घटाउनु पर्ने, बाँडन योग्य नाफामा उल्लेख्य प्रगती छ यसलाई कायम राख्नुपर्ने, आधार दर र कोषको लागत घटाउने रणनीति बनाउनु पर्ने, मर्जर तथा एक्विजिसनको लागि उपयुक्त निर्णय गर्नुपर्ने, बैंकको नक्सालमा निर्माणाधीन भवनको निर्माण कार्य तीव्र रुपमा लानुपर्ने, सम्भव भए काठमाण्डौंको उपयुक्त पायकपर्ने ठाउँमा ५-६ रोपनी जग्गा किनेर राख्दा भविष्यमा राम्रो हुने, बैंक बलियो छ, अझ बलियो बनि २-३ वर्षमा वाणिज्य बैकहरुको उच्च ५ स्थानमा पुग्ने गरी रणनीती बनाउनुपर्ने, बैंकले आफ्नो पञ्च वर्षीय योजना बनाउनुपर्ने, बिर्सने र टाउको हल्लिने जस्ता रोग लागेका वृद्धहरुको सहयोगको लागि संस्थागत सामाजिक उत्तरदायित्व गतिविधि गर्नुपर्ने, उच्च व्यवस्थापनलाई विदेशमा पनि तालिम दिनुपर्ने, अनुसन्धान एवं विकास संयन्त्रलाई अझ परिष्कृत गर्दै जानुपर्ने र Hybrid डिबेन्चर जारी गर्नुपर्ने जसले कम लागतमा निक्षेप संकलनमा टेवा पुऱ्याउँदछ भनि आफ्ना राय, सल्लाह, सुझाव दिनुभयो ।

**३। श्री गुणराज भट्ट**

बडा दशै, तिहार, छठ, नेपाल सम्वतको हार्दिक मंगलमय शुभकामना, वार्षिक साधारणसभा समय अगावै गरेकोमा बधाई, महिला स्वतन्त्र संचालक श्री हसना शर्माज्यूलाई स्वागत एवं वहाको दक्षता र लामो अनुभवले बैंकलाई थप उचाईमा लैजाने शुभकामना, मर्जर तथा एक्विजिसनको रणनीति बनाउनुपर्ने, आगामी वर्षदेखी लाभांशको रुपमा नगद भन्दा बोनश शेयर प्रदान गर्नुपर्ने, भिन्न अंक (Fraction) शेयरको स्थायी समाधान गरी संस्थापक र सर्वसाधारणको अनुपात ५१:४९ कायम गर्नुपर्ने, बैंकको समग्र जोखिम व्यवस्थापनको लागि उपयुक्त रणनीति, उपयुक्त सफ्टवेयर खरिद, उपयुक्त कर्मचारी तालिम एवं कर्मचारीको नियत जस्ता विषयमा विशेष ध्यान दिनुपर्ने, वार्षिक साधारण सभाको सफलताको कामना एवं भविष्यमा अझ बढि मुनाफा गर्न सफल होस भनि शुभकामना दिदैं आफ्ना राय, सल्लाह, सुझाव दिनुभयो ।

**४। श्री व्यास कुमार शर्मा**

लाभांश घोषणमा संचालक समितिको विवेक सम्मत निर्णयको लागि धन्यवाद, पूँजीलाई क्रमशः वृद्धि गर्दै जानुपर्ने, समग्रमा बैंकले उत्कृष्ट कार्य प्रगती विवरण पेश गरेको, अनुसन्धान एवं विकासका गतिविधि बढाउँदै लैजानु पर्ने, निक्षेप, लगानी पोर्टफोलियोको वृद्धि सकारात्मक रहेको, अधिकांश प्रमुख सूचकांकहरुले बैंक सहि

दिशामा गईरहेको संदेश दिएको, बैंकले अझै प्रगती गर्दै जाओस, आधुनिक प्रविधीमा लगाएको छलाङ्गको लागि बधाई, जोखिम व्यवस्थापनको लागि सुरक्षामा विषेश ध्यान दिई समयमै सजग हुनुपर्ने, संचालक समितिले बैंकको समग्र सुशासनमा ध्यान दिनुपर्ने, सम्पत्तिको गुणस्तरमा अझ सुधार गर्दै निष्कृय कर्जाको अनुपात घटाउँदै लैजानुपर्ने, खुद मुनाफाको आकार बढाउदै लानुपर्ने र आगामी वर्षमा अझ उत्कृष्ट नतिजा निकाली सुखद अवस्था सिर्जना गर्न सफल होस भनि शुभकामना दिदैं आफ्ना राय, सल्लाह, सुझाव दिनुभयो ।

**५। श्री दामोदर प्रसाद रेग्मी**

बैंकको समग्र प्रगती राम्रो रहेको र यसलाई कायम राख्दै जानुपर्ने, कर्जा नोक्सानी व्यवस्थामा अझ सुधार गर्नुपर्ने, निष्कृय कर्जाको अनुपात ०.३० प्रतिशतमा ल्याउनु पर्ने, कर्जा असुलीमा अझ राम्रो गर्नुपर्ने, आफ्नो युनिक प्रोडक्ट ल्याउनुपर्ने भनि आफ्ना राय, सल्लाह, सुझाव दिनुभयो ।

**६। श्री भक्ति प्रसाद उप्रेती**

उच्च लाभांशको लागि धन्यवाद, अबका वर्षहरुमा पटके आम्दानीमा भर नपरी बैंकको नियमित आम्दानीबाट बाँड्न योग्य नाफा बाट नै कम्तीमा २५% लाभांश दिन सफल होस, वार्षिक साधारण सभा समय अगावै गर्न सफल भएकोमा बधाई, बैंकको वार्षिक प्रतिवेदन अत्यन्त सूचनामुलक रहेको, मर्जर तथा एक्विजिसनको प्रस्ताव स्वागतयोग्य रहेको, भिन्न अंक (Fraction) शेयर व्यवस्थापनको प्रस्ताव भविष्यमा पनि रहोस, Stressed Assets मा खराब कर्जा, कमसल कर्जा र शंकास्पद कर्जा बढि रहेकोमा सो तर्फ ध्यान दिई असुलीमा उचित पहल गर्नुपर्ने, गैर बैंकिङ्ग सम्पत्ति यथाशक्य चाँडो व्यवस्थापन गर्नुपर्ने, साईबर सुरक्षा, भौतिक सुरक्षा, बैकिङ्ग फ्रडलाई उच्च प्राथमिकतामा राख्नुपर्ने, स्प्रेड दर नियामकको व्यवस्थाको आसपासनै कायम गरी मुनाफा सुधार गर्नुपर्ने, वार्षिक प्रतिवेदनमा ५ वर्षको प्रमुख सूचकांक राख्ने व्यवस्था गर्नुपर्ने भनि आफ्ना राय, सल्लाह, सुझाव दिनुभयो ।

**७। श्री अशोक उप्रेती**

बैंकको वृद्धि राम्रो रहेको र यो वृद्धिको गति कायम रही रहे बैंक चाँडै वाणिज्य बैकहरुको उच्च ५ स्थानमा मा पुग्न सफल हुनसक्ने, बैंकको लाभांशबाट सन्तुष्ट रहेको र भविष्यमा उत्तरोत्तर प्रगती सहित सम्पूर्ण शेयरधनीलाई पूर्ण सन्तुष्ट बनाउँदै जान सफल होस भनि शुभकामना दिदैं आफ्ना राय, सल्लाह, सुझाव दिनुभयो ।

Siddhartha Bank

**८। श्री उद्धव प्रसाद घिमिरे**

वार्षिक प्रतिवेदन उत्कृष्ठ ढाँचामा बनेको, बैंकको समग्र पोर्टफोलियो असाध्यै राम्रो रहेको, विदेशी विनियम आम्दानी बढाउन आक्रमक हुनुपर्ने, पर्यटकीय स्थलमा विदेशी विनियम काउन्टर राख्नुपर्ने, Nepal Financial Reporting Standard (NFRS) को लागि क्रियाशील शेयरधनीहरुलाई विस्तृत तालिम दिनुपर्ने, LC कमिसन बढाउनु पर्ने, बैंक वाणिज्य बैकहरुको उच्च ५ स्थानमा पर्न सफल होस भनी शुभकामना एवं उत्तरोत्तर प्रगतीको कामना गर्दै आफ्ना राय, सल्लाह, सुझाव दिनुभयो ।

**९। श्री डमरु बल्लभ घिमिरे**

बैंक पछिल्लो अवस्थामा परिपक्व भएको, लाभांशबाट शेयरधनीहरु धेरै खुशी भएको, प्रष्ट नेपाली भाषामा रहेको वार्षिक प्रतिवेदनको प्रस्तुती राम्रो रहेको र जोखिम क्षेत्रमा चनाखो हुनुपर्ने भनी आफ्ना राय, सल्लाह, सुझाव दिनुभयो ।

**१०। श्री शिव प्रसाद पौडेल**

लाभांश र समयमै वार्षिक साधारण सभा गराएकोमा धन्यवाद, हालसालै बैकिङ्ग क्षेत्रमा घटेका जोखिमपुर्ण घटनाहरुको स्मरण गराउँदै सो लाई व्यवस्थापन गर्न System Upgrade गर्नुपर्ने, कर्मचारीलाई समयसापेक्ष तालिम दिनुपर्ने, बैकले लगानी गर्दा धेरै चनाखो भई सोच विचार गरी अध्ययन गरी अगाडी बढ्नु पर्ने, ग्राहक सेवामा रहने कर्मचारीको न्यानो अभिवादनले बैंक प्रतिको आकर्षण बढ्ने हुँदा हँसिलो, मिजासिलो व्यवहारको लागि उत्प्रेरित गर्नुपर्ने, वार्षिक साधारण सभाको सुचना सम्पूर्ण शेयरधनीलाई SMS मार्फत पनि पठाउनु पर्ने, ऋणीलाई पनि कर्जा भुक्तानीको बारेमा सूचित गराउन/ सम्झाउन SMS द्वारा पनि जानकारी गराउनु पर्ने, बैंकले कुनै पनि संस्थागत सामाजिक उत्तरदायित्व गतिविधि गर्दा अनिवार्य रुपमा बैंकको लोगो प्रयोग गर्नुपर्ने, बैकले बैंकको ख्याती अनुरुप आफ्ना सेवा तथा सुविधालाई चुस्त दुरुस्त रुपमा राख्नुपर्ने, ATM मेशिनहरु उचित ठाउँमा बढि भन्दा बढि प्रयोग हुने/सेवा दिन सकिने ठाउँमा राख्नु पर्ने, नगद लाभांशको वितरण र बोनस शेयरको सुचिकरणको कार्य छिटो होस भनी आफ्ना राय, सल्लाह, सुझाव दिनुभयो ।

**११। चन्द्र नारायण श्रेष्ठ**

लाभांशको लागि धन्यवाद, उच्च दरको निक्षेपले खुद ब्याज आम्दानी कम भएको र सो को कारण बैंकको खुद मुनाफा कम भएको, कर्मचारी कार्यक्षमता बढाउनु पर्ने, प्रति कर्मचारी निक्षेप एवं प्रति कर्मचारी कर्जा रकम बढाउनु पर्ने, चल्ती र बचत खातामा विशेष ध्यान दिनुपर्ने भनी आफ्ना राय, सल्लाह, सुझाव दिनुभयो ।

SiddharthaBank

**१२। श्री कृष्ण प्रसाद अधिकारी**

वार्षिक प्रतिवेदनमा शेयरधनीहरुको नामको सुचीमा सर्वसाधारण र संस्थापक शेयर छुट्याउनु पर्ने, बैंकको प्रगती राम्रो रहेको, वार्षिक प्रतिवेदन नेपाली भाषामा निकालेकोमा धन्यवाद, लेखा परिक्षकको प्रतिवेदन पनि नेपाली भाषामा हुनुपर्ने र वार्षिक प्रतिवेदनमा प्रमुख सूचकांकहरु ५ वर्षको उल्लेख गर्नुपर्ने भनी आफ्ना राय, सल्लाह, सुझाव दिनुभयो ।

**१३। श्री शिव प्रसाद शर्मा**

शाखा सञ्जाल वृद्धि गर्दा सहि व्यक्ति सहि स्थान (Right Man in Right Place) को नीति अवलम्बन गर्नुपर्ने, उचित चेक एण्ड ब्यालेन्स हुनुपर्ने, धितो मुल्याङ्कनमा सचेत हुनुपर्ने र आगामी वर्ष २५% लाभांश दिनुपर्ने भनी आफ्ना राय, सल्लाह, सुझाव दिनुभयो ।

**१४। श्री नरसिंह लाल चखुँ**

वासलात मजबुत भएको, बैंकको व्यवसाय राम्रो रहेको र यसलाई कायम गर्नुपर्ने, CASA मा सुधार गर्नुपर्ने, दोश्रो (Secondary) शेयर बजारमा समय अनुकुल कारोबार गरी उपयुक्त नाफा बुक गरी बैंकको मुनाफा बढाउनुपर्ने र लगानीको नयाँ क्षेत्रहरु पहिचान गरी लगानी बढाउनुपर्ने भनी आफ्ना राय, सल्लाह, सुझाव दिनुभयो ।

**१५। श्री लवराज जोशी**

लाभांश सराहनीय रहेको, बैंकले सानो सानो कर्जामा जोड दिनुपर्ने, जलविधुत क्षेत्र हाल समस्यामा देखिएकाले उचित ध्यान दिनुपर्ने, बढि भन्दा बढि सेवाग्राहीलाई छितो-छरितो सेवा सुविधा दिन हरसम्भव प्रयास गर्नुपर्ने, महिला स्वतन्त्र संचालकमा नियुक्त श्री हसना शर्माज्यूलाई बधाई एवं सफल कार्यकालको लागि शुभकामना र बैंक अब वाणिज्य बैकहरुको उच्च ५ स्थानमा जान सफल होस भनि शुभकामना दिदैं आफ्ना राय, सल्लाह, सुझाव दिनुभयो ।

**१६। श्री उत्तम पाठक**

बैंकको प्रगती धेरै राम्रो रहेको, पूँजीकोष बढेसँगै बैंकको व्यवसाय पनि बढाउँदै लगेकोले बैंकको भविष्य पनि सुन्दर रहेको, बैंकको संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गतको गतिविधिको लागि सो CSR Fund मा जम्मा भएको रकमको अधिकतम उपयोग गर्नुपर्ने, CSR अन्तर्गत सम्पूर्ण वाणिज्य बैकहरुले संयुक्तरुपमा संस्थागत सामाजिक उत्तरदायित्व (CSR) गतिविधि गर्न सामुहिकरुपमा CSR Fund बनाउन पाउने व्यवस्था मिलाउन Nepal Bankers' Association (NBA), Confederation of Bank and Financial Institutions,

Nepal (CBFIN) मार्फत लबिङ्ग (Lobbying) गर्नुपर्ने र त्यो रकम एकमुष्ठ रुपमा ठुला ठुला कार्यक्रमहरु जस्तै राष्ट्रिय महत्वका आयोजना, धुर्मुस सुन्तली फाउण्डेसनबाट बन्न लागेको क्रिकेट रंगशाला आयोजना, दुरदराजमा आवासीय विद्यालयको स्थापना जस्ता दुरगामी महत्व राख्ने योजनामा लगाउनुपर्ने र सो सम्भव नभए बैंकले एकल रुपमा पनि नेपाल सरकारले घोषणा गरेको खुला दिसा पिसाबमुक्त योजनालाई टेवा पुग्ने गरी स्थानीय निकायको सहकार्यमा सार्वजनिक स्थान, राजमार्गमा सार्वजनिक शौचालय बनाउदा संस्थागत सामाजिक उत्तरदायित्व पनि हुने र बैंकको प्रचार प्रसार पनि हुने जस्ता कार्यहरु गर्नुपर्ने, अर्थ संसार अनलाइन न्युजले यो वार्षिक साधारण सभाको स्वेच्छिकरुपमा फोटो, भिडियोद्वारा कभरेज गर्नुभएकोमा सो संस्थालाई धन्यवाद एवं वहाँको सो कार्यलाई बैंकले मनन गर्नुपर्ने, बैंक अर्को वर्ष अझ उचाईमा जान सकोस, बैंक वाणिज्य बैंकहरुको उच्च ५ स्थानमा मा पर्न सफल होस, बढि प्रतिफल दिन सफल होस भनि शुभकामना दिदैं आफ्ना राय, सल्लाह, सुझाव दिनुभयो ।

## ११. छलफलका क्रममा उठेका विषयहरुको जवाफ:

संचालक समितिको प्रतिवेदन, बैंकको आ.व.२०७५/७६ को लेखापरीक्षण लगायत समग्र वित्तीय प्रतिवेदन उपर छलफलका क्रममा शेयरधनी महानुभावहरुले राखेको सुझाव, जिज्ञासा तथा टिप्पणी प्रति हार्दिक आभार व्यक्त गर्दै साधारण सभाको समेत अध्यक्षता गरिरहनु भएका बैंकको संचालक समितिका अध्यक्ष तथा बैंकका प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुको जिज्ञासा एवं टिप्पणी उपर देहाय अनुसार जवाफ दिनु भयो ।

- महत्वपूर्ण सल्लाह, सुभाव दिई हाम्रा कमी कमजोरी पहिल्याई दिनुभएको र साथै राम्रो कामको लागि बधाई दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई मुरी मुरी धन्यवाद ।
- शेयरधनीहरुले वार्षिक साधारण सभा मार्फत तथा समय समयमा दिनु भएका सुझावहरुलाई बैंकले सदैव प्राथमिकताका साथ सम्भाव्यताका आधारमा क्रमश: कार्यान्वयन गर्दै आएको र भविष्यमा पनि त्यस्ता सुझाव कार्यान्वयन गर्दै लगिने छ ।
- लाभांश वितरणमा शेयरधनीको इच्छा बोनस शेयरको साथै केही नगद पनि पाउने रहेकोमा सो अनुसार गरेको र भविष्यमा विज्ञहरुसँग बुझी, सर सल्लाह गरी सोहि अनुसार अगाडी बढ्ने छौं ।
- Hybrid डिबेन्चरको सन्दर्भमा व्यवस्थापनले आगामी दिनमा अध्ययन गर्ने छ ।
- खुद व्याज आम्दानी बढाउने कार्यमा सजग भई लाग्ने छौं, कोषको लागत घटाउने कार्य गर्ने छौं ।
- बैंकले पञ्च वर्षीय योजना बनाएको र सोही अनुसार हालसम्म कार्य गरिरहेको छ । तथापी सरकार एवं राष्ट्र बैंकबाट हुने नयाँ व्यवस्था, संशोधन आदिले केही फरक पारेता पनि नियामक निकायहरुको नीतिगत व्यवस्थाहरुलाई सम्मान गर्दै व्यवस्थापनले चुस्त, दुरुस्त रुपमा काम गर्ने गरेको छ र आगामी दिनमा पनि गर्ने छ भन्ने पूर्ण विश्वास छ ।
- विदेशी विनियम आम्दानी राम्रै रहेको र यसमा अझ सुधार गर्दै जाने छौं ।
- शाखा संजालको वृद्धिले गर्दा संचालन लागत बढेको छ पछिल्लो समयमा खुलेका शाखाहरुबाट प्रतिफल आउन थालेपछि यो अवश्य रुपमा घट्ने छ र यसले आधार दर पनि घटाउन मद्दत गर्ने छ ।

SiddharthaBank

- संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अर्न्तगत काम भैरहेको र अझ सुदृढ रुपमा देखिने गरी ठूला ठूला कार्यक्रमहरु गर्ने छौ । साथै, सदस्य संस्था/अरु बैंकहरुसँग मिलेर कसरी काम गर्न सकिन्छ भनि विचार गर्ने छौ ।
- बैंकिङ्ग क्षेत्रमा जोखिम व्यवस्थापन र सुरक्षाको अवस्था झन झन गम्भीर भएर गएको छ । साइबर काइम, इन्टरनेट सुरक्षालाई बैंकले गम्भीरताका साथ लिदै बैंकको सुचना सुरक्षा व्यवस्थामा थप सुधार गर्दै सुरक्षा Features एवं सुरक्षाका तहहरु बढाउँदै लगेको छ । सुरक्षा व्यवस्थापनका लागि अपनाउने उपायहरु र सो को लागि लाग्ने हार्डवेयर, सफ्टवेयर, जनशक्ति आदिमा लाग्ने खर्च उच्च रहेता पनि सुरक्षा व्यवस्थापनको विषयलाई प्राथमिकताका साथ लिएर अगाडी बढने छौं । हाम्रो IT समुह, व्यवस्थापन चुस्त दुरुस्त र अनुभवी भएकोले जोखिमलाई कसरी व्यवस्थापन गर्ने, कम गर्ने भन्ने विषयमा हामी सधै प्रयासरत रहिरहेका छौं ।
- Software Development मा ध्यान दिई रहेका छौं र बैंकको Core Banking System (CBS) लाई Upgrade अथवा Migrate गर्ने विचार गरिरहेका छौं ।
- बैंकको Slogan को रुपमा रहेको "सम्बन्ध सधैंभरिलाई" एउटा नारा मात्र नभएर यसलाई बैंकले पूर्ण रुपमा आत्मासाथ गरोस भनी व्यवस्थापन हरपल लागि रहेको र यसै सन्दर्भमा बैंकले Customer Relations Management (CRM Project) ल्याएको छ, Marketing Staff हरु थप्दै छौं जसले ग्राहक सेवा सुविधामा निश्चित रुपमा अझ सुधार हुने छ भन्ने विश्वास लिएका छौं ।
- बैंकले कर्मचारीहरुको क्षमता अभिवृद्धी गर्न बेला बेलामा यथेष्ट रुपमा तालिम तथा सेमिनार जस्ता कार्यहरु गर्दै आईरहेको छ र राष्ट्र बैंकको निर्देशन अनुरुपको तालिमको लागि छुट्याएको रकमको पूर्ण रुपमा सदुपयोग गरेको छ ।
- शेयरधनी महानुभावहरुले दिनु भएको सल्लाह, सुझावहरु बमोजिम कार्य गर्दै बैंक यो अवस्थामा आईपुगेको छ । यहाँहरुको हौसला, मार्ग दर्शन र प्रेरणादायी वचनको लागि हामी सम्पूर्ण कृतज्ञ छौं । काम गऱ्यो भने सो अनुसारको जस पाईन्छ, काम गर्नुपर्छ भन्ने भावना जागृत गराईदिई सो को सुखद् अनुभुतीले हामी धेरै उत्साहित भएका छौं ।
- व्यवस्थापनको अथक मिहिनेत र प्रयासले गर्दा हामी यो वर्ष तिहारमै नगद लाभांश दिन सफल भएका छौ र यसका लागि सम्पूर्ण व्यवस्थापन लाई धन्यवाद ।
- प्रतिवेदनमा शेयरधनी महानुभावहरुले पहिल्याउनु भएका त्रुटी कमजोरी, शुद्धा शुद्धी आदिलाई सुधार गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं र वक्ता शेयरनीहरुलाई माईन्युट पठाउने व्यवस्था पनि मिलाईनेछ ।
- यस बैंकलाई यो अवस्थामा पुऱ्याउन शेयरधनी महानुभावहरुको सहयोग, शुभेच्छा प्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं ।

१२. **सभाको निर्णयहरु:**

छलफलमा उठेका सवालहरु उपर सभाको अध्यक्षता गरिरहनु भएका बैंक संचालक समितिका अध्यक्षज्यू तथा बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूको जवाफ पश्चात अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले निर्धारित

सामान्य तथा विशेष प्रस्तावहरु सभाको निर्णयार्थ क्रमश: पेश गर्नु भयो । उक्त प्रस्तावहरु देहाय अनुसार पारित भएका छन् ।

**(क) सामान्य प्रस्ताव**

१. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा यस सिद्धार्थ बैंक लि. को आर्थिक वर्ष २०७५/७६ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गऱ्यो ।

२. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ सम्बन्धमा बैंकको आ.व. २०७५/०७६ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, सोही अवधीको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरु पारित गरियोस् भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

३. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ३ सम्बन्धमा यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लि." को आ.व. २०७५/७६ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गऱ्यो ।

४. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ४ सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व. २०७६/७७ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पेश हुँदा बैंकको लेखापरीक्षण समितिको सिफारिश गरे मध्येबाट लेखापरिक्षक GP Rajbahak & Co., Chartered Accountants लाई आ.व. २०७६/७७ को लागि बैंकको लेखापरिक्षकको रुपमा नियुक्त गर्ने र पारिश्रमिक वापत Statutory Audit, Tax Audit तथा Long Form Audit Report समेतको लागि एकमुष्ठ जम्मा रु. १०,००,००० (अक्षरेपी दश लाख रुपैंया) भ्याट बाहेक तथा अन्य भ्रमण लगायतका अन्य खर्च वापत एकमुष्ठ रु. २,००,००० (अक्षरेपी दुई लाख रुपैंया) प्रदान गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

५. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ५ सम्बन्धमा बैंकको चुक्ता पूँजी ८,८८,७६,०४,५४० ( अक्षरेपी आठ अर्ब अठासी करोड छयहत्तर लाख चार हजार पाँच सय चालिस रुपैंया मात्र) को १५.२६ प्रतिशतका दरले रु. १,३५,६५,२९,११४ (अक्षरेपी एक अर्ब पैंतिस करोड पैंसठ्ठी लाख उनन्तीस हजार एक सय चौध रुपैंया मात्र) शेयरधनीहरुलाई नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव सभाले सर्वसम्मत रुपमा पारित गऱ्यो ।

**(ख) विशेष प्रस्ताव**

१. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु ८,८८,७६,०४,५४० (अक्षरेपी आठ अर्ब अठासी करोड छयहत्तर लाख चार हजार पाँच



Siddhartha Bank

सय चालिस रुपैँया मात्र) को १० प्रतिशतका दरले हुने रु. ८८,८७,६०,४५४ (अक्षरेपी अठासी करोड सतासी लाख साठी हजार चार सय चौवन्न रुपैँया मात्र) बराबरको बोनस शेयर प्रदान गर्ने ।

यसैगरी शेयरधनीहरुको नाममा कायम रहेको Fraction शेयरको हकमा संस्थापक र सर्वसाधारणको शेयर अनुपात नबिग्रने गरी माथी सामान्य प्रस्ताव अन्तर्गको प्रस्ताव न. (५) बमोजिम प्रदान गरिने नगद लाभांश अन्तर्गत सम्बन्धित शेयरधनीले प्राप्त गर्ने नगद लाभांशले खामेसम्म रकम लिई समायोजन गरी ँचबअतष्यल लाई पूर्ण अंक कायम गरी बोनस शेयर दिने र रकम नपुग्ने भएमा यथावत राख्ने ।

संस्थापक र सर्वसाधारण शेयरधनीको अनुपात नेपाल राष्ट्र बैंकले तोके बमोजिम ५१:४९ कायम हुनुपर्नेमा यस अघि देखिनै Fraction का कारण नमिलिरहेको र हाल समेत माथि उल्लेख भए बमोजिम Fraction शेयर अंकलाई पूर्ण बनाई बोनस शेयर वितरण गर्दा संस्थापक-सर्वसाधरण बीचको अनुपात नमिल्ने हुँदा सो Fraction मिलाउने प्रयोजनार्थ अनुपात मिलाउने हदसम्म संस्थापकहरुले पाउने नगद लाभांशबाट अनुपातिक रुपमा रकम लिई समायोजन गरी संस्थापक शेयरधनीले आफूले धारण गरेको शेयरको अनुपातमा वितरण गर्ने गरी जम्मा ९२,७३७.३१ कित्ता अतिरिक्त बोनश शेयर प्रदान गरी संस्थापक र सर्वसाधारणको शेयरको अनुपात ५१% र ४९% कायम गरी मिलाउने ।

माथि उल्लेख भए बमोजिम शेयर अनुपात मिलाउँदा बैंकको जारी पूँजी तथा चुक्ता पूँजीमा हेरफेर हुने भएकाले सो हदसम्म मिलाई बैंकको जारी पूँजी तथा चुक्ता पूँजीमा आवश्यक मिलान गरी प्रबन्धपत्र संशोधन गर्ने र सो मिलाउन आवश्यक अख्तियारी संचालक समितिलाई प्रदान गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ सम्बन्धमा माथि विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गरेको कारणले हुने पूँजीलाई बैंकको प्रबन्धपत्रमा देहाय बमोजिम संशोधन/थप गर्ने सम्बन्धी संचालक समितिको विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**प्रबन्धपत्रमा गरिएको संशोधन/थप/घट**

**सिद्धार्थ बैंक लिमिटेडको प्रबन्धपत्रमा**
**प्रस्तावित संशोधन /थप /घटको तीनमहले विवरण**

| साविकको व्यवस्था | संशोधित तथा थप व्यवस्था | संशोधन तथा थप गर्नुपर्नाको कारण |
|---|---|---|
| **५. बैंकको पूँजीको संरचना: दफा ५(१) को खण्ड (ख)** : बैंकको जारी पुँजी रु. ८,८८,७६,०४,५३६/-(आठ अर्ब अठासी करोड छैहत्तर लाख चार हजार पाँच सय छत्तिस रुपैंया) हुनेछ । | **५. बैंकको पूँजीको संरचना: दफा ५(१) को खण्ड (ख):** बैंकको जारी पुंजी रु. ९,७७,६३,६४,९९४/- (नौं अर्ब सतहत्तर करोड त्रिसट्ठी लाख चौसट्ठी हजार नौं सय चौरानब्बे रुपैंया) हुनेछ । | बैंकले १० प्रतिशत बोनश शेयर प्रदान गर्ने निर्णय बमोजिम जारी पुंजी वृद्धि गर्नुपर्ने भएकोले । |



SiddharthaBank

| | | |
|---|---|---|
| **दफा ५(१) को खण्ड (ग) :** बैंकको चुक्ता पुँजी रु. ८,८८,७६,०४,५३६/- ( आठ अर्ब अठासी करोड छैहत्तर लाख चार हजार पाँच सय छत्तिस रुपैंया) हुनेछ । | **दफा ५(१) को खण्ड (ग) :** बैंकको चुक्ता पुँजी रु. ९,७७,६३,६४,९९४/- (नौं अर्ब सतहत्तर करोड त्रिसठ्ठी लाख चौसठ्ठी हजार नौं सय चौरानब्बे रुपैंया) हुनेछ । | बैंकले १० प्रतिशत बोनश शेयर प्रदान गर्ने निर्णय बमोजिम चुक्ता पुँजी वृद्धि गर्नु पर्ने भएकोले । |

३. माथि विषेश प्रस्ताव नं. १ बमोजिम बोनस शेयर प्रस्ताव गरिएकोमा सो बमोजिम र माथि विषेश प्रस्ताव नं. १ मा नै निर्णय भए बमोजिम Fraction सम्बन्धमा सर्वसाधारण तथा संस्थापक दुवै तर्फको Fraction मिलाउँदा हुने हेरफेर सहित बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने गरी बैंकको प्रबन्धपत्रमा भएको संशोधनमा थप मिलाउनु पर्ने भएमा मिलाउने, सो संशोधन स्वीकृति एवं अभिलेखको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम मिलाउन तथा संशोधन गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धी संचालक समितिको विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

४. विषेश प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ४ बमोजिम संचालक समितिको मिति २०७६ साल भदौ १२ गते बसेको ३२१औं बैठकले प्रचलित कानून एव्म बैंकको नियमावलीको अधीनमा रहि रिक्त रहेको स्वतन्त्र संचालक पदमा बाँकी अवधिका लागि श्री हसना शर्मालाई नियुक्त गरेकोमा सो नियुक्तिलाई अनुमोदन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

५.विषेश प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ५ बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत देहाय बमोजिमका विभिन्न संघसंस्थाहरुलाई सहयोग स्वरुप प्रदान गरिएका रु. एक लाख भन्दा माथिको अनुदान तथा सहयोग रकम उपलब्ध गराउने सञ्चालक समितिको निर्णयलाई कम्पनी ऐन बमोजिम अनुमोदन गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गरियो :

- नेपाल आँखा अस्पताललाई रु. ३,७५,००० /-
- ग्रामिण स्वास्थ्य तथा शिक्षा सेवा कोष (Rural Health and Education Services Trust (RHEST) लाई रु. २,५०,७२५/-
- देवघाट स्थित श्री महेश सन्यास आश्रमलाई रु. २,००,०००/-
- लमजुङ्ग जिल्ला सामुदायिक अस्पताललाई रु. १,२७,९५० /-
- विश्राम कक्ष निर्माणार्थ लिंगेश्वरधाम, महेन्द्रनगरलाई रु. १,००,७६६ /-
- बैकिङ्ग जागरण कार्यक्रमको लागि Nepal Bankers' Association (NBA) लाई रु. ५,००,००० /-
- नाम्चे माने छुन्युर एवं पार्क, नाम्चे निमार्णको लागि रु. १,५०,००० /-
- "समाहित शिक्षा दृष्टिविहिन" शिक्षा कार्यक्रम अर्न्तगत झुवानी उच्च माध्यमिक विधालयलाई रु. १,५०,००० /-
- पानी शुद्विकरण उपकरण जडानको लागि श्री भैरव वाहन गुल्मलाई रु. १,५०,००० /-

- बैंकिङ्ग जागरण कार्यक्रमबारे पत्रपत्रिकामा प्रकाशनको लागि रु. २,३५,१३० /-
- नेराबैद्वारा संचालित साइकल रेलीमा सहभागितामा रु. ३,३७,५५३ /-

६. विषेश प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ६ अन्तर्गत सिद्धार्थ बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अर्को कुनै उपयुक्त संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा बैंकको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit- DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने र गाभिने तथा प्राप्त गर्ने (Merger & Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य आवश्यक प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, लगायत मर्जर तथा एक्वीजिसन सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**(ग) विविध**

विविध एजेण्डा अन्तर्गत कुनै विषय नभएको ।

**१३. <u>सभा विसर्जन</u> :**

अध्यक्षज्यूले उत्साह एवं उमंगका साथ लामो समय सम्म धैर्यधारण गरी सक्रिय रुपमा छलफलमा सहभागी भई यस साधारण सभालाई सफलतापूर्वक सुसम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्नु भयो । सभाध्यक्षले आगामी दिनमा बैंकलाई थप नयाँ उचाईमा पुऱ्याउने गरी आफुहरुले कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दै सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा पुन: सम्पूर्ण शेयरधनी महानुभावहरु, संचालकहरु, आमन्त्रित महानुभावहरु, कर्मचारी वर्गका साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्बन्धित सबैलाई धन्यवाद दिदैं महान चाडहरु तिहार, छठ, नेपाल सम्वतको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै अपरान्ह २:३० बजे सभा विसर्जन गर्नु भयो ।

| | | |
|---|---|---|
| ..................... | SiddharthaBank | ..................... |
| **लक्ष्मण घिमिरे** | | **मनोज कुमार केडिया** |
| **(कम्पनी सचिव)** | | **(अध्यक्ष)** |

मिति : २०७६/०७/०७